**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १७ गते आइतबार ❑ 1 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेशमा निर्वाचनको अन्तिम तयारी तिव्र

### २१ हजार कर्मचारी र स्वयंसेवक खटिँदै, १८ गतेभित्र मतदान स्थलमा अधिकृतसहितको टोली पुग्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

गण्डकी प्रदेशमा प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२ को अन्तिम तयारी तिव्र पारिएको छ । प्रदेशभर झण्डै २१ हजार कर्मचारी र स्वयंसेवक परिचालन गर्दै निर्वाचनलाई निष्पक्ष, भयरहित र व्यवस्थित बनाउन आवश्यक सम्पूर्ण तयारी सम्पन्न गरिएको प्रदेश निर्वाचन कार्यालयले आज( शनिबार पोखरामा आयोजना गरेको पत्रकार छलफल कार्यक्रममा जनाएको हो ।

यही फागुन १८ गतेभित्र सबै मतदान अधिकृत तथा सहायक अधिकृतसहितको टोली मतदान स्थलमा पुग्ने तयारी गरिएको प्रदेश निर्वाचन कार्यालय गण्डकी प्रदेशले जनाएको छ । गण्डकीका ११ जिल्लामा निर्वाचन आयोगसँग समन्वय र सहजीकरण गर्दै सम्पूर्ण व्यवस्थापनको काम अघि बढाएको प्रदेश निर्वाचन अधिकारी नारायण ढकालले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रदेशभर कुल १८ लाख ७० हजार ६५ मतदाता रहेका छन् । प्रदेशमा १ हजार २९७ मतदान स्थल र २ हजार ३९६ मतदान केन्द्र निर्धारण गरिएको छ । अस्थायी मतदाता २१ हजार ६९३ जना रहेका छन् भने १७ अस्थायी मतदान केन्द्र कायम गरिएको उहाँले जनाउनु भयो । प्रदेशका १८ निर्वाचन क्षेत्रमा ३० स्वतन्त्र उम्मेदवार सहित कुल २३४ जनाले उम्मेदवारी दिनु भएको प्रदेश निर्वाचन अधिकारी ढकालले बताउनु भयो। जसमध्ये २९ महिला र २०५ पुरुष उम्मेदवार रहनु भएको उहाँले जनाउनु भयो । सबैभन्दा बढी १८ राजनीतिक दलले कास्कीमा उम्मेदवारी दर्ता गराउनु भएको छ भने सबैभन्दा कम मनाङमा ३ दल मात्र प्रतिस्पर्धामा रहनु भएको छ।

प्रदेशभर १४ हजार ३५० कर्मचारी र ७ हजार ६५ स्वयंसेवक खटिँदै छन् । ३ हजार मिटरभन्दा माथिका मतदान केन्द्रमा खटिने कर्मचारीका लागि गोरखा, म्याग्दी, मुस्ताङ र मनाङमा आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको तयारी गरिएको निर्वाचन कार्यालयले जनाएको छ । हिमाली क्षेत्रमा जाडो छल्न बाहिरिएका मतदाता पनि फर्कन थाल्नु भएको छ।

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको शाङ्ता गाउँ (करिब ४,४०० मिटर उचाइ) र मनाङको नारफू गाउँपालिकाको नार र फू गाउँ (करिब ४,२०० मिटर उचाइ) मा हिमपातका कारण मतदान केन्द्र सार्नुपर्ने अवस्था आए पनि हाल मौसम सुधार भएसँगै बाटो खुलाएर तोकिएकै स्थानमा मतदान गर्ने सहमति भएको जनाइएको छ।

मतपत्रसहितका सबै निर्वाचन सामग्री प्राप्त भई मतदान केन्द्रअनुसार छुट्याएर वितरणको तयारी अवस्थामा राखिएको छ । प्रदेशका सबै जिल्लामा वडास्तरमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको छ। फागुन ३ देखि १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको प्रदेश निर्वाचन अधिकारी नारायण ढकालले जानकारी दिनुभयो । कास्की जिल्लामा ३ लाख ८ हजार ५७२ मतदाता रहेका छन् । जसमा १ लाख ६० हजार १५३ पुरुष, १ लाख ४८ हजार ४१५ महिला र ४ अन्य मतदाता छन् । कास्कीमा २ हजार ८६१ अस्थायी मतदाता रहेका छन् । जिल्लामा १५३ मतदान स्थल र ३६५ मतदान केन्द्र २ अस्थायी केन्द्रसहित निर्धारण गरिएको छ। कास्कीमा ६ स्वतन्त्र र ५ महिला उम्मेदवारसहित कुल ४९ जनाले उम्मेदवारी दिएका छन् । १८ दल सहभागी हुनुहुन्छ । अस्थायी केन्द्रसहित २ हजार १८४ कर्मचारी र १ हजार ९२ स्वयंसेवक परिचालन हुनेछन् । कास्कीका प्रमुख निर्वाचन अधिकृत हिमलाल बेल्बासेले निर्वाचनको अन्तिम तयारी पूरा भएको जनाउँदै निष्पक्ष र भयरहित मतदानका लागि सबैसँग सहयोगको आग्रह गर्नुभयो। उहाँका अनुसार मतदान अधिकृत र सहायक अधिकृतको तालिम सम्पन्न भइसकेको छ।

सुरक्षा व्यवस्थातर्फ तीन घेराको सुरक्षा प्रबन्ध मिलाइएको कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनुभयो । मतदान स्थलमा न्यूनतम ८ देखि ३० जनासम्म नेपाल प्रहरी, त्यसको बाहिरी घेरामा सशस्त्र प्रहरी र सबैभन्दा बाहिरी घेरामा नेपाली सेना परिचालन हुने व्यवस्था गरिएको छ। निर्वाचनलाई प्रभाव पार्ने कुनै गतिविधि भएमा कडा कारबाही गरिने जनाइएको छ।

कास्कीमा हालसम्म लिखित उजुरी दर्ता नभए पनि ध्वनि प्रदूषण, झण्डा तथा राष्ट्रिय भण्डाको दुरुपयोग, भोजभतेर, २५ जनाभन्दा बढीको घरदैलो, चुनाव चिन्हको भौतिक प्रयोग, ब्याज तथा पहिरन प्रयोगलगायत विषयमा मौखिक तथा फोनमार्फत गुनासा आएको र त्यसबारे सचेत गराइएको कार्यालयले जनाएको छ। निर्वाचन खर्च व्यवस्थापनतर्फ ४९ उम्मेदवारमध्ये ४२ जनाले मात्र बैंक खाता खोल्नु भएको छ। ४ जनाले खाता खोल्न सिफारिस नै नलिएको र ३ जनाले सिफारिस लिए पनि पारिवारिक कारणले खाता सञ्चालन हुन नसकेको जनाइएको छ । आयोगले सबै उम्मेदवारलाई अनिवार्य रूपमा बैंक खाता मार्फत खर्च गर्न निर्देशन दिएको छ । प्रदेश निर्वाचन कार्यालयले निर्वाचनलाई सफल बनाउन निर्वाचन आयोग, कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, आम मतदाता तथा पर्यवेक्षण संस्थालाई आग्रह गरेको छ।

## कास्कीमा मतदाता शिक्षा सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

कास्कीमा मतदाता शिक्षा कार्यक्रमलाई निर्वाचन कार्यालयले प्राथमिकताका साथ सञ्चालन गरेको छ।

आसन्न फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सही तरिकाले मतदा गर्न मतदातालाई सिकाउनका लागि गत फागुन ३ गतेदेखि मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले बताउनुभयो।

उहाँका अनुसार सकेसम्म मत बदर नहोस् भनेर मतदाता शिक्षा स्वयंसेवकमार्फत नमूना मतपत्रका आधारमा पाँच पालिकाका ७२ वडै वडामा फागुन १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुनेछ । विसं २०७९ को निर्वाचनमा कास्कीमा पाँच प्रतिशत मत बदर भएको थियो । त्यस बेला प्रतिनिधिसभा सदस्य लागि एक लाख ७८ हजार आठ सय छ मत खसेकामा सदर मत एक लाख ७० हजार तीन सय ४४ र बदर मत आठ हजार चार सय ६४ रहेको निर्वाचन कार्यालयले जनाएको छ।

मतपत्रमा सही स्थानमा छाप नलगाउने, मतपत्र गलत तरिकाले पट्याउने, छाप लगाउँदा चुनाव चिह्नभन्दा बाहिर लगाउने लगायतका कारणले मत बदर हुने गरेको छ। सूचना अधिकारी न्यौपानेले भन्नुभयो, "विगतका निर्वाचलाई हेर्दा यहाँ बदर मतको प्रतिशत समेत बढीनै छ । निर्वाचन कार्यालयले मत बदर हुन नदिनका लागि मतदाता शिक्षामा जोड दिएको छ। सबै वडामा शिक्षा कार्यक्रम भइरहेको छ। मत कसरी हाल्ने भनेर नमूना मतपत्रका आधारमा सिकाइरहेका छौं ।" प्रतिनिधिसभाका तीन निर्वाचन क्षेत्र रहेको कास्कीमा निर्वाचनका लागि दुई हजार एक सय ९० जना कर्मचारी खटिएका छन् । कर्मचारीहरूलाई शुक्रबार भोली शनिबार नियुक्ति पत्र वितरण गरिएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । कास्कीमा एक सय ५३ मतदानस्थल र तीन सय ६३ मतदान केन्द्र रहेका छन् । यसैगरी दुई वटा अस्थायी मतदान केन्द्र गरी कूल तीन सय ६५ मतदान केन्द्रमा दुई हजार एक सय ९० कर्मचारी खटिनेछन् । यसैगरी मतदान अधिकृतले मतदान केन्द्रमा चुनावका दिनका लागि तीन जना स्वयंसेवक नियुक्त गर्न सक्ने व्यवस्था छ।

निर्वाचन कार्यालयका अनुसार कारागारका कैदीबन्दीका लागि कारागारमा मतदान केन्द्र तोकिएको छ । यसैगरी मतदानमा नखटिने कर्मचारीका लागि जिल्ला समन्वय समितिमा रहने मतदान केन्द्रमा कर्मचारीले समानुपातिकतर्फ मत दिनेछन् । जिल्लामा विभिन्न १८ राजनीतिक दल तथा स्वतन्त्र ४४ पुरुष र पाँच महिला गरी ४९ जना उम्मेदवार मैदानमा छन् ।

यसैगरी मतदाता संख्या तीन लाख आठ हजार पाँच सय ७२ जना रहेको छ । विसं २०७९ को निर्वाचनमा कूल दुई लाख ९१ हजार पाँच सय ६८ मतदाता रहेका थिए।

## सोमबारदेखि कास्कीमा रात्रिकालीन व्यवसाय गर्न नपाइने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

प्रतिनिधिसभा सदस्य चुनावको सुरक्षा संवेदनशिलतालाई दृष्टिगत गरी आगामी सोमबारदेखि कास्कीमा रात्रिकालीन व्यवसाय सञ्चालनमा रोक लगाइएको छ।

जिल्ला प्रशासन कार्यालयले अर्को सूचना जारी नभएसम्मका लागि राति ९:०० बजेसम्म मात्र होटल, रेष्टुराँ, दोहारी साँझ, क्लब, डान्स बार, मदिरा पसलगायत रात्रिकालीन व्यवसाय सञ्चालन गर्न सार्वजनिक रुपमा सूचित गरेको हो । कार्यालयले जारी गरेको सूचनामा चुनावका अवधिमा सार्वजनिक शान्ति सुरक्षा र समाजिक सद्भाव कायम राख्न सम्बद्ध सबै पक्षबाट सहयोगका लागि अनुरोध गरिएको छ। उक्त

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सूर्यदर्शनका सहकारी पीडित सडकमा : ऋणीलाई रकम फिर्ता गर्न आग्रह, नतिरे प्रतिवादी बनाउने चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

पोखरास्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाका पीडित बचतकर्ताहरू शनिबार सडकमा उत्रिनु भएको छ । उहाँहरुले सहकारीबाट ऋण लिएकाहरूलाई तत्काल रकम फिर्ता गर्न आग्रह गर्दै अब ढिलाइ गरे प्रतिवादीको रूपमा मुद्दा अघि बढाइने चेतावनी दिनु भएको छ।

"तपाईंहरूले सकेसम्म छिटो ऋण चुक्ता गर्नुहोस्, नत्र हामी कानुनी प्रक्रियामा जान बाध्य हुन्छौं," सहकारी संघर्ष समिति कास्कीका संयोजक किरण श्रेष्ठले शनिबार पोखरामा आयोजित एक कार्यक्रममा बताउनु भएको हो। पोखरा बागलुङ बसपार्कस्थित सहकारी परिसर अगाडि भेला भएका पीडितहरूले "सहकारी ठगलाई मत दिन सक्दैनौं" भन्दै राजनीतिक दलहरूलाई समेत चेतावनी दिनु भएको हो। "चुनाव जित्ने-हार्ने, पार्टी फेर्ने जो भए पनि अब हामी सहकारीको ऋण लिनेहरूलाई छोड्दैनौं," श्रेष्ठले भन्नुभयो, "ऋणीहरूले नसके सहकारीमै आएर सरसल्लाह गरून्, हामी बचतकर्ता र ऋणीलाई राखेर हिसाब मिलान गर्न तयार छौं ।" संघर्ष समितिका अनुसार हालसम्म कर्जा असुली अभियान मार्फत ८० लाख रुपैयाँ संकलन गरिएको छ । तर ५ प्रतिशत मात्र बचत फिर्ता गर्न पनि ४ देखि ५ करोड रुपैयाँ आवश्यक पर्ने अवस्था रहेको श्रेष्ठले जानकारी दिनुभयो। सहकारीमा करिब १८ हजार ७ सय बचतकर्ता प्रभावित भएको दाबी गर्दै १ हजार १ सय ५७ जना जाहेरी दिएका पीडितलाई पहिलो प्राथमिकतामा राखेर न्यूनतम ५ प्रतिशत रकम वितरण गर्ने योजना बनाइएको उहाँको भनाइ छ। "यदि तपाईंको दुई लाख बचत फिर्ता लिनु छ भने सोही बराबरको ऋणी ल्याउनुहोस्, हामी दुबैलाई राखेर हिसाब मिलान गरिदिन्छौं," श्रेष्ठले भन्नुभयो, "ऋणबाटै बचत फिर्ता गराउने अहिलेको व्यवहारिक उपाय यही हो।"

पोखरा-१२ माटेपानीकी प्रमिला शर्मा, पोखराका प्रेमबहादुर राना, रुपातालका नन्दबहादुर थापा लगायतले आफुहरुले बुढेसकालको सहारा होस र घर खर्च चलाउन सहज होस भनेर ऋण धन गरेर जम्मा गरेको बचत रकम सहकारीबाट फिर्ता नहुने ठुलो आर्थिक समस्या जसले सामाजिक र मानसिक तनाव बनाएको गुनासो गर्नुभयो। शर्माले सूर्यदर्शन र पोखरा सहकारीमा गरी करिब १४ लाख रुपैयाँ बचत गरेकी थिइन् भने रानाले ३३ लाख रुपैयाँ सहकारीमा बचत गर्नु भएको थियो। उक्त रकम अभावले उहाँहरुलाई हाल जे जस्तो समस्या भएको छ कास्कीका सहकारी पितिहरुको प्राय यस्तै समस्याले पिडित हुनु भएको गुनासो गर्नुहुन्छ।

## निर्वाचनको तयारी अन्तिम चरणमा, पैँसठ्ठी राजनीतिक दल चुनावी प्रतिस्पर्धामा

**रासस**
काठमाडौं, १६ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ।

निर्वाचनका लागि मतपत्र, मतपेटिका तथा निर्वाचन सामग्री सबै जिल्लामा पुऱ्याइसकिएको छ। पहाडी र हिमाली जिल्लाका मतदान केन्द्रमा खटिइने मतदान अधिकृतले आवश्यक निर्वाचन सामग्री बुझबुझारथ गरी कार्यक्षेत्रतर्फ लागि सकेका छन् भने तराई-मधेस र सहरी जिल्लामा भने मतदान अधिकृतको अनुशिक्षण भइरहेको छ । "दुर्गम जिल्लाका मतदान केन्द्रमा आवश्यक सामग्रीसहित कर्मचारी खटिइसकेका छन्", निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले भन्नुभयो, "आसन्न निर्वाचनको प्राथमिकता जिल्लाबाट निर्वाचन क्षेत्रतर्फ सरेको छ।" आयोगका तर्फबाट जिल्लामा सम्पादन हुने काममा सहजीकरण भइरहेको जनाउँदै उहाँले आज पनि अधिकांश जिल्लामा मतदान अधिकृतका लागि तालिम सञ्चालन भइरहेका बताउनुभयो।

मतदान केन्द्र रहेका विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयलगायत भौतिक संरचना मतदान कार्यमा उपयोग गर्नका लागि उपलब्ध गराइदिन सङ्घीय सरकार र सम्बन्धित स्थानीय तहलाई अनुरोध गरिसकिएको पनि उहाँले बताउनुभयो। निर्वाचन

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्फलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुस्ताङका थकालीले आचारसंहिता पालना गर्दै तोरन्ल पर्व मनाउने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन

आइतबारदेखि मुस्ताङमा सुरु हुने थकालीहरुको सांस्कृतिक तोरन्ल पर्व निर्वाचन आचारसंहिता उल्लङ्घन नहुने गरी मर्यादित ढङ्गले मनाउन सहमति भएको छ। जिल्ला सुरक्षा समितिको पहलमा स्थानीय सरोकारवालासँग भएको बैठकमा तोरन्ल पर्वलाई निर्वाचन कार्यक्रममा असर नपुग्ने गरी मनाउन सहमति गरिएको हो।

मुस्ताङमा थकाली समुदायहरुले तीन दिनसम्म सदियौँकालदेखि चल्दै आइरहेको तोरन्ल पर्व हर्षोल्लासका साथ मनाउने प्रचलन छ। मुस्ताङका पाँच स्थानीय तहमध्ये थकाली समुदायहरुको बसोबास रहेको घरपझोङ गाउँपालिका र थासाङ गाउँपालिकामा बर्सेनि तोरन्ल पर्व मनाउने प्रचलन छ। यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सम्मुखमा थकालीहरुको महान् पर्व तोरन्ल चाडपर्व परेकाले यसलाई व्यवस्थित रुपमा मनाउन आग्रह गरिएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिनुभयो। धर्म, संस्कृति, परम्परा र मौलिकता यस क्षेत्रको जातीय पहिचान भएको भए पनि सम्मुख आइरहेको निर्वाचन कार्यक्रमलाई असर पुग्ने हो कि भनेर आवश्यक सजगता अपनाइएको प्रजिअ शर्माको भनाइ छ। "धर्म, संस्कृति र मौलिक चाडपर्व नमनाउनु भन्ने कुरा पनि भएन, तर चाडपर्वका नाममा निर्वाचन आचारसंहिता उल्लङ्घन नहोस् भन्ने हाम्रो मान्यता हो", प्रजिअ शर्माले भन्नुभयो, "हामीले उहाँको सांस्कृतिक पर्वलाई सम्मान गर्दछौँ। पर्व मनाउने क्रममा निर्वाचन बिथोल्ने कुनै अराजक गतिविधि नहोस् भन्ने हाम्रो मान्यता हो।" थकालीहरुको तोरन्ल पर्वलाई मर्यादित रुपमा भव्य र सम्भ रुपमा अनौपचारिक ढङ्गले मनाउन थासाङ र घरपझोङ गाउँपालिका क्षेत्रका सरोकारवाला निकायहरुसँग भद्र सहमति भएको प्रजिअ शर्माले उल्लेख गर्नुभयो। प्रमुख जिल्ला अधिकारी शर्मासहित जिल्ला सुरक्षा समितिको टोलीले थासाङ र घरपझोङ गाउँपालिकाका जनप्रतिनिधि र स्थानीय गाउँ समाजसँग बैठक बसेर तोरन्ल पर्वलाई व्यवस्थित रुपमा मनाउन सहमति भएको हो।

यसअघि निर्वाचनका कार्यक्रमलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, भयरहित शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न निर्वाचन आचारसंहिंता पालना गर्नेलगायत विषयमा जिल्लास्थित राजनीतिक दल र दलका प्रतिनिधिबीच सहमति भएको थियो। उक्त बैठकमा निर्वाचनको मिति अगावै तोरन्ल पर्व परेकाले त्यसलाई व्यवस्थित गर्नेलगायत विषयमा छलफल भइसकेको प्रजिअ शर्माको भनाइ छ।

वसन्त ऋतुको आगमनसँगै मनाइने थकाली समुदायहरुको महानपर्व तोरन्ल तीन दिनसम्म मनाइने गरिन्छ। यस पर्वलाई मुख्य रुपमा पितृ पूजा प्रतीकका रुपमा लिने गरिएको छ। आफ्ना दिवङ्गत पितृहरुको सम्झना गर्दै पितृहरुको आत्माशान्ति र उद्धारका लागि थकाली संस्कृति र परम्पराअनुसार धार्मिक क्रियाकलाप गरिन्छ। फागु पूर्णिमा तिथिको अघिल्लो दिन र पछिल्लो दिन गरी तीन दिनसम्म मनाइने तोरन्ल पर्वमा थकाली समुदायहरुले मध्यरातमा उठेर पितृको सम्झना गर्दै चोखो पानी र खानेकुरा चढाएर पूजाअर्चना गर्ने प्रचलन छ। थकाली तोरन्ल पर्वमा देश विदेशमा रहेका थकालीहरु पर्व मनाउन थातथलो फर्कन्छन्। तोरन्ल पर्वमा छोरी ज्वाइ, भान्जाभान्जीलगायत आफन्तलाई बोलाएर स्वागत सत्कारका साथ पर्व मनाउने प्रचलन छ।

तोरन्ल पर्वमा पुरुषले धनुषवाण (तारा) खेल र महिलाहरुले नाकाभोटे (कौडा) खेल खेलेर आपसमा रमाइलो गर्ने प्रचलन छ।

# रेडक्रसको कविता प्रतियोगितामा दीपशिखा पहिलो

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन



नेपाल रेडक्रस सोसाइटी, कास्कीको आयोजना तथा सनफ्लावर बोर्डिङ स्कुल, पोखरा-२, अर्चलबोटमा क्रियाशील जुनियर रेडक्रस सर्कलको व्यवस्थापनमा शनिवार पोखरामा जिल्लास्तरीय कविता प्रतियोगिता सम्पन्न भएको छ।

जम्मा १३ जनाको सहभागिता रहेको प्रतियोगितामा रिलायन्स पब्लिक स्कुलकी दीपशिखा क्षेत्री प्रथम भएकी छन्। त्यसै गरी ज्ञानसागर एकेडेमीकी रोजिना अधिकारी द्वितीय, सिर्जना आवासीय माविका विवेक सुनार तृतीय तथा छोरेपाटन माविकी श्रवणा दाहाल र होलीमाउन्ड बोर्डिङ स्कुलकी अनुस्का ढकाल सान्त्वना स्थान प्राप्त गर्न सफल भए। प्रतियोगिताका निर्णायकहरूमा कार्यमूलक नेपाली व्याकरण, बोध तथा अभिव्यक्तिका लेखक बाबुराम सुवेदी, साहित्यकार रुपिन्द्र प्रभावी र डिल्लीराम बराल रहेका थिए।

जुनियर रेडक्रस सर्कल, सनफ्लावर बोर्डिङ स्कुलकी अध्यक्ष समष्टि पौडेलको अध्यतामा भएको कार्यक्रममको नेपाल रेडक्रस सोसाइटी, कास्कीका निवर्तमान अध्यक्ष डण्डराज शर्माले उद्घाटन गरेका थिए। शर्माले रेडक्रस विपत्को मात्र साथी नभई चेतनाको संवाहक पनि भएको बताए। विद्यार्थीमा अन्तर्निहित प्रतिभा उजागर गर्नका लागि रेडक्रसले विविध गतिविधि सञ्चालन गर्दै आएको भन्दै शर्माले कास्की शाखाको कार्य देशभरकै लागि उदाहरणीय रहेको धारणा राखे।

कार्यक्रममा कास्कीका शाखाका उपमन्त्री तथा जुनियर युवा संयोजक डिल्लीराम बरालले रेडक्रसले विद्यार्थीको प्रतिभा उजागर हुने किसिमका विविध कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए।

कार्यक्रममा सनफ्लावर बोर्डिङ स्कुलका निर्देशक दीपक शाहको स्वागतमा भएको कार्यक्रमको सञ्चालन विद्यार्थीहरू अनिसा खनाल र ईशा खत्रीले गरेका थिए।

# मनाङको विद्यालयमा आधुनिक जलवायु मापन केन्द्र स्थापना

**पोखरापत्र संवाददाता**
मनाङ, १६ फागुन

हिमाली जिल्ला मनाङको नार्सौं गाउँपालिका-५ थौँचेस्थित प्रकाश ज्योति माध्यमिक विद्यालयमा वातावरणीय अध्ययन र वैज्ञानिक अनुसन्धानलाई सुदृढ बनाउने उद्देश्यले आधुनिक जलवायु मापन केन्द्र स्थापना गरिएको छ।

त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौँ र लौजान विश्वविद्यालय, स्वीजरल्याण्डको संयुक्त सहकार्यमा रु चार लाखको लागतमा यो केन्द्र स्थापना गरिएको हो। केन्द्रमा वायुको तापक्रम, सापेक्षिक आर्द्रता, वर्षामापक, हावाको गति तथा दिशा मापन गर्ने उपकरण जडान गरिएको छ। त्रिवि मानवशास्त्र केन्द्रीय विभागकी उपप्राध्यापक डा नवीन पौडेल र त्रिविकै जल तथा मौसम केन्द्रीय विभागका सहप्राध्यापक डा विनोद दवाडीको विशेष पहलमा यो केन्द्र स्थापना भएको प्रधानाध्यापक पदमराज पन्थीले जानकारी दिनुभयो। प्रधानाध्यापक पन्थीका अनुसार, "स्थानीय सरकार तथा सम्बन्धित प्राविधिक निकायको सहकार्यमा स्थापना गरिएको यो केन्द्रमार्फत क्षेत्रीयस्तरमै मौसमसम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिनेछ र शिक्षण-सिकाइमा सहजता ल्याउन सहयोग पुग्नेछ।" केन्द्रबाट सङ्कलित तथ्याङ्कले दीर्घकालीन जलवायु प्रवृत्ति अध्ययन, मौसम पूर्वानुमान सुदृढीकरण, जलवायु परिवर्तनको प्रभाव विश्लेषण तथा प्राकृतिक विपद् जस्तै बाढीपहिरो र खडेरीको जोखिम मूल्याङ्कनमा महत्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरिएको छ।

नार्सौं-५ का वडाध्यक्ष थुतेन लामाकाअनुसार समयमै उपलब्ध हुने वैज्ञानिक तथ्याङ्कले विपद् पूर्वतयारी र जोखिम न्यूनीकरण रणनीति निर्माणमा सहयोग पुर्‍याउने विश्वास गरिएको छ। केन्द्रले स्थानीय विद्यार्थीलाई व्यावहारिक सिकाइको अवसर प्रदान गर्नेछ। विद्यार्थीले प्रत्यक्ष रूपमा मौसममापन प्रक्रिया, तथ्याङ्क अभिलेखीकरण र विश्लेषण विधि अध्ययन गर्न सक्नेछन्।

यसले विद्यार्थीमा वैज्ञानिक अनुसन्धानतर्फ अभिरुची वृद्धि गर्ने अपेक्षा गरिएको छ। स्थानीय बासिन्दाले जलवायु मापन केन्द्रको स्थापनालाई क्षेत्रीय विकासको महत्वपूर्ण उपलब्धिका रूपमा मूल्याङ्कन गरेका छन्। वातावरण संरक्षण, कृषि उत्पादन सुधार र दिगो विकासका लागि आवश्यक नीतिनिर्माणमा केन्द्रबाट प्राप्त तथ्याङ्क प्रभावकारी आधार बन्ने विश्वास गरिएको छ।

# मुकुन्द शरणलाई हेमराज पहारी स्मृति पुरस्कार अर्पण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन




हेमराज पहारी स्मृति प्रतिष्ठानले सञ्चालन गर्दै आएको हेमराज पहारी स्मृति पुरस्कार-२०८२ साहित्यकार एवं भाषाविज्ञ मुकुन्दशरण उपाध्यायलाई प्रदान गरिएको छ।

शनिबार पोखरामा आयोजित कार्यक्रममा गण्डकी विश्वविद्यालयका कुलपति प्राडा इन्द्रप्रसाद तिवारीले उपाध्यायलाई एक लाख रुपैयाँ राशिको नगद र सम्मानपत्रले सम्मान गरेका हुन्।

छन्दनायक माधव वियोगी संयोजक, लोक गायिका हरिदेवी कोइराला र साहित्यकार कृष्ण पौडेल सदस्य रहेको प्रतिभा छनोट समितिको सिफारिसका आधारमा उपाध्यायलाई पुरस्कार प्रदान गरिएको हो। कार्यक्रममा गण्डकी विश्वविद्यालयका कुलपति तिवारीले नेपाली अत्यन्तै धनी भाषा भएको बताए। आफूले पनि धेरै समय अंग्रेजी भाषा नपढेको र पछि बाध्यतामा अध्ययन गरेको बताए। अहिले विश्वका ६३ प्रतिशतले अंग्रेजी भाषा बोल्ने गरेको पाइएको उनले बताए। आफ्नो भाषा संस्कृति र परम्परा भुल्न नहुने भन्दै उनले पछिल्लो समयमा नेपाली साहित्यको दायरा फराकिलो बन्दै गएको बताए। भाषा शुद्धताका विषय बहसमा रहेको उल्लेख गर्दै उनले भाषाको अध्ययन अनुसन्धान गहिरो हुनुपर्ने खाँचो औँल्याए।

भाषाका विषयमा नेपाली वाङ्मयले जति गर्नुपर्ने हो त्यति हुन नसकेको उनले बताए। सम्मानित प्रतिभा उपाध्यायले सम्मानले आफूलाई निकै खुशी लागेको भन्दै हेमराजको निधनले नेपाली भाषा र साहित्यमा अपूरणीय क्षति पुगेको बताए। हिन्दीमा भन्दा नेपाली भाषामा शब्द धेरै भएको उनले बताए। आफू अझै पनि नेपाली भाषाकै श्रीवृद्धिमा लाग्ने उनले स्पष्ट पारे। प्रतिभा छनोट समिति संयोजक माधव वियोगीले मुकुन्दशरणलाई पुरस्कारका लागि सिफारिस गर्नुका कारणबारे चर्चा गरेका थिए। उनले मुकुन्दशरण सबैको प्रेरणाको श्रोत भएको बताए। कार्यक्रममा लोकगायिका हरिदेवी कोइराला, बिम्बकवि रमेश श्रेष्ठ, प्राडा कुसुमाकर न्यौपाने, कोपिला नेपालका अध्यक्ष विना सिलवाल, प्रतिष्ठानका उपाध्यक्ष गोविन्दराज पहारीलगायतले सम्मानित मुकुन्द शरण र स्वर्गीय हेमराज पहारीको जीवनी र योगदानका बारेमा चर्चा गरेका थिए। कार्यक्रममा कवि शिव तिवारी, कवि चन्द्रावती वाग्ले र बाल प्रतिभा देवेश पहारीले मुकुन्द शरण र हेमराजका कविता वाचन गरेका थिए। प्रतिष्ठानका अध्यक्ष रीता न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन साहित्यकार असफल गौतमले गरेका थिए।

# निर्वाचनको ...

सुरक्षा, अत्यावश्यक सेवाको सञ्चालन र सहजीकरण, निर्वाचन र मतदान प्रक्रियामा समन्वय र व्यवस्थापनका क्षेत्रमा आवश्यक निर्णय आयोगबाट भइसकेको छ।

यसैबीच, राससका चितवन समाचारदाताका अनुसार तीनवटै निर्वाचन अधिकृतको कार्यालयमा आवश्यक सामग्री पठाइएको छ। यही फागुन १८ गते बिहानदेखि ती सामग्री मतदान अधिकृतले बुझेर लैजानेछन्। मतदानमा खटिने कर्मचारी छनोट, मतदान अधिकृत र सहायक अधिकृतलाई अभिमुखीकरणको कार्यक्रम सम्पन्न भइसकेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमसेन कार्कीले जानकारी दिनुभयो।

चितवनका ४९४ मतदान केन्द्रमा मतदान अधिकृत, सहायक अधिकृत र अन्य कर्मचारी गरेर दुई हजार ९६४ जना कर्मचारी खटिने छन्। चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न चारवटै सुरक्षा निकाय परिचालित भएको जानकारी दिनुभयो। निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ ६१ वटा निर्वाचन चिह्नमा ६५ वटा राजनीतिक दलले प्रतिस्पर्धा गर्दैछन्। प्रत्यक्षतर्फ तीन हजार १७ पुरुष, ३८८ महिला र एक अन्य गरी तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। त्यसैगरी, सामानुपातिक निर्वाचन प्रणालीतर्फ एक हजार ३६३ पुरुष र एक हजार ७७२ महिला गरी तीन हजार १३५ उम्मेदवार प्रतिस्पर्धामा छन्। प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० स्थानका लागि निर्वाचन हुनेछ।

यसपटकको निर्वाचनमा ९६ लाख ६३ हजार ३५८ पुरुष, ९२ लाख ४० हजार १३१ महिला र २०० अन्य गरी एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता छन्। एक लाख ८६ हजार १४२ अस्थायी मतदाता कायम भएको आयोगले जनाएको छ।

निर्वाचनका लागि देशभर १० हजार ९६७ मतदानस्थलमा २३ हजार ११२ मतदान केन्द्र निर्धारण गरिएको छ। एक ४३ अस्थायी मतदानस्थल तय गरिएको छ। निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन्।

निर्वाचन दुई लाख १५ हजार कर्मचारी खटिँदैछन्। आयोगले प्रत्यक्ष र समानुपातिकतर्फ कुल चार करोड २२ लाख ५१ हजार २०० मतपत्र छपाइ गरिसकेको छ। यसपटकको निर्वाचनमा चार अन्तरराष्ट्रिय र ३९ राष्ट्रिय संस्था निर्वाचन पर्यवेक्षणमा खटिएका छन्।

# विभिन्न सातवटा अन्तरराष्ट्रिय विमानस्थलमा हवाई उडान रद्द

**रासस**
काठमाडौं, १६ फागुन

हवाई उडानमा प्रतिबन्ध लगाइएका कारण त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थलबाट विभिन्न सातवटा अन्तरर्राष्ट्रिय विमानस्थलमा हुँदै आएका अन्तरराष्ट्रिय उडान रद्द भएका छन्।

सारजहा, दोहा, दुबै, कुबेत सिटी, अबुधाबी, कतार तथा दमाम विमानस्थलमा हवाई उडानमा प्रतिबन्ध लगाइएका कारण त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट आज दिउँसो र रातिका सबै उडान रद्द गरिएका त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा महाप्रबन्धक टेकनाथ सिटौलाले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "सारजहा, दोहा, दुबै, कुबेतसिटी, अबुधाबी, कतार र कतार विमानस्थलमा हवाई उडानमा प्रतिबन्ध लगाइएकाले नेपालबाट दिउँसो र राति हुने सबै उडान रद्द गरिएका छन्। उडानहरू कहिले खुल्छन् भन्नेबारे अर्को निर्णय भएपछि जानकारी गराइने छ।" यसैगरी, यात्रुलाई आफ्नो उडानका लागि विमानस्थल जानुभन्दा अगाडि सम्बन्धित वायुसेवा कम्पनीमा सम्पर्क गरेर मात्र जान विमानस्थल कार्यालयले आग्रह गरेको छ।

# इजरायल र इरानमा रहेका नेपालीलाई सावधानी अपनाउन अनुरोध

**रासस**
काठमाडौं, १६ फागुन

नेपाल सरकारले मध्यपूर्व क्षेत्रमा विकसित भइरहेको पछिल्लो अवस्थालाई नजिकबाट अनुगमन गरिरहेको उल्लेख गर्दै इजरायल र इरानमा रहेका नेपाली नागरिकलाई सावधानीका उपाय अपनाउन अनुरोध गरेको छ।

परराष्ट्र मन्त्रालयले आज 'एडभाइजरी' जारी गर्दै इजरायल र इरानका सम्बन्धित निकायहरूले जारी गरेका सुरक्षासम्बन्धी निर्देशन तथा सूचना कडाइका साथ पालना गर्न आग्रह गरेको छ। एडभाइजरीमा भनिएको छ,"सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, आवश्यक सावधानी अपनाउनुहोस् र आफू रहेको स्थानको नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस्। सम्बन्धित निकायको पूर्वस्वीकृति बिना अनावश्यक यात्रा नगर्नुहोस्। काठमाडौँस्थित परराष्ट्र मन्त्रालय, तेल अविवस्थित नेपाली राजदूतावास तथा दोहास्थित नेपाली राजदूतावाससँग नियमित सम्पर्कमा रहनुहोस्।" इजरायल वा इरान भ्रमण गर्ने योजना बनाइरहनुभएका नेपाली नागरिकलाई हालको अवस्था सामान्य नहुँदासम्म आफ्नो यात्रा स्थगित गर्नसमेत मन्त्रालयले अनुरोध गरेको छ।

# सोमबारदेखि ...

नियम कार्यान्वयन भए/नभएकाबारे अनुगमन हुने र कसैले सूचनाको अवज्ञा गरी गतिविधि गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही हुने जनाइएको छ।

कार्यालयले चुनावको सम्मुखमा परेको फागुपर्व पनि सार्वजनिकस्थलमा भीडभाड हुनेगरी नखेल्न अपिल गरेको छ। निर्वाचनको सुरक्षा संवेदनशिलता र आचारसहिंताका कारण सडक तथा सार्वजनिकस्थलमा भीड जम्मा हुने गरी कुनै पनि मेला, साङ्गीतिक कार्यक्रम नगर्न कार्यालयले सूचित गरेको हो।

फागुपर्वलाई लक्षित गरी कार्यक्रम गर्न कसैलाई पनि अनुमति नदिइएको कार्यालयको सूचनामा उल्लेख छ। परिवार मिलेर घरपरिसरमा सभ्य र सुसंस्कृत रुपमा फागुपर्व मनाउन कार्यालयले आग्रह गरेको छ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# नागरिक सचेतना आवश्यक

निर्वाचनमा सुरक्षास्थिति मजबुत बनाउन नेपाली सेनाले गस्ती गर्न थालेको छानिर्वाचनमा सेना परिचालनको निर्ण सुरक्षा परिषद्ले गरेको थियो । जेनजी आन्दोलनपछि भएको निर्वाचनमा शान्तिपूज्रर्ण वातावरण कायम राख्न सेना परिचालन गर्नुपर्ने विचार नागरिकले महसुस गरेका थियो । भदौ २३ र२४ को जेनजी आन्दोलन र विध्वंस भोगेका र देखेका जनताले सेनाको सुरक्षाप्रति विश्वास गरेका हुन । सुशीला कार्की नेतृत्वको सरकारले सुरक्षाको नाममा एक महीनाअघि नै सेनालाई ब्यारेकबाहिर निकालिएको छ । सेनाको नेतृत्वमा अढाइ लाख सुरक्षाकर्मी परिचालन भएका छन् र कूल रु.२५ अर्बको चुनावी बजेटमध्ये रु.२० अर्ब सुरक्षामा खर्च गरिंदै छ ।

भदौ २४ मा जेलबाट भागेका कैदीबन्दीहरू अझै नियन्त्रणमा नआइसकेकाले सेनालाई चुनावी सुरक्षाको जिम्मा दिएको बताइँदै छ, यस्ता हल्का सेना परिचालनको औचित्य पुष्टि गर्न सक्दैन। देशैभरि हतियारधारी माओवादीको बिगबिगी भएको २०५६ सालको संसद् तथा २०६४ को संविधान सभाको निर्वाचनमा समेत सेना परिचालन गरिएको थिएन। पहिलो संविधान सभा निर्वाचनदेखि २०७९ को संसदीय निर्वाचनसम्म मतदान केन्द्रबाट मतपेटिका जम्मा गर्ने काम सशस्त्र प्रहरी र नेपाल प्रहरीले संयुक्त रूपमा गर्दै आएका हुन् । अहिले पनि यो काम उनीहरूले गर्न सक्दैनन् भनेर गराइएको प्रचार हो ।

दुर्गमका मतपत्र मतदान केन्द्रमा पुऱ्याउने काम भने त्यतिवेलादेखि नै सेनाका पाइलटहरूले गर्दै आएका छन् । २०६४ सालमा तत्कालीन व्रिदोही माओवादीले नेपाली सेनालाई यो जिम्मेवारी दिन मानेका थिएनन्, तर व्यावहारिक पक्षलाई स्विकार्दै माओवादी सहमत भएपछि त्यसलाई निरन्तरता दिइएको थियो। किनकि, सशस्त्र र नेपाल प्रहरीसित हेलिकप्टर थिएन र छैन । निर्वाचन जननिर्वाचित सरकारको मातहतमा नागरिककै संलग्नतामा हुनुपर्छ। उम्मेदवारहरू जनताको घरदैलोमा गई आफूले तयार पारेको नीति-नियम कोर्न संसद्मा पठाई पाऊँ भनी मत माग्ने हुनाले निर्वाचनलाई नागरिकको सार्वभौम अधिकारको रूपमा व्याख्या गरिन्छ । लोकतन्त्रको उत्सवको रूपमा बुझिने निर्वाचन राजनीति, जनचासो र जनताका समस्यामा केन्द्रित हुन्छ। तर, यसपालिको निर्वाचन अति सुरक्षाकेन्द्रित छ। नागरिक निर्वाचनको जंगीकरण भएको छ । लोकतान्त्रिक संरचनाहरूको क्षयीकरण गर्ने यस्तो जंगी निर्वाचनले उत्साहको साटो मतदातामा भय र उदासीनता बढाएको छ। यसै पनि यसपालिको निर्वाचनमा लोकतान्त्रिक प्रक्रिया संकटमा परेको छ । र, भदौ २३-२४ कै त्रासदीबाट नेपाली समाज बाहिर निस्कन सकेको छैन ।

यस्तो संवेदनशील समयमा हुन गइरहेको निर्वाचनमा नागरिक सतर्कता र खबरदारी निकै आवश्यक हुन्छ,राजनीतिक दल र नागरिक समाजको सतर्कता र खबरदारी यसपालि असाध्यै खड्कएको छ। हुन त, यसअघिका सरकारले गराउने निर्वाचनमा पनि सुरक्षाकर्मीलाई तीन घेरामा खटाइन्थ्यो । जनपद प्रहरी, सशस्त्र प्रहरी र त्यसभन्दा बाहिर सेना रहने प्रक्रिया थियो र अहिले पनि त्यही व्यवस्था छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार निर्वाचन सुरक्षाको पहिलो घेरामा जनपद प्रहरी रहन्छन् । अनि, सशस्त्र प्रहरी र तेस्रो घेरामा ३०० मीटरको दूरीमा नेपाली सेना रहन्छन् । उनी भन्छन्, "मतपेटिकासित सेनाको देखादेख हुन्छ तर भेट हुँदैन । "सामान्यतः मतदान केन्द्रभित्र मतदान अधिकृत र कर्मचारी रहन्छन् । उम्मेदवारका प्रतिनिधिहरू बस्छन्। तिनले परिचय रुजु गरिसकेपछि मतदातालाई मतदान गर्न भित्रपट्टि गोप्य स्थानमा राखिएको मतपेटिकातिर पठाइन्छ । मतदानको गोप्य प्रक्रिया शान्तिपूर्ण सम्पादन गर्न केन्द्र वरपर नेपाल प्रहरी र निर्वाचन प्रहरी तैनाथ गरिन्छ। सेनाले गस्ती मात्र गर्छ । यसअघिका निर्वाचनहरूमा पनि यही प्रावधान थियो । यो भन्दा बढी अधिकार सेनालाई दिंदा नकारात्मक प्रचार हुनसक्छ । हरेक कुरामा नकारात्मक पक्षको वकालत गर्नेलाई मलजल पुग्न सक्छ कि भन्नेमा हरदम सचेत हुनुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : अप्रत्यसित लाभ |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : शत्रुको भय | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : झमेला बड्ने |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# म्याग्दीका सबै उम्मेदवारले खोले चुनावी बैंक खाता

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ फागुन

आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा म्याग्दीका सबै उम्मेदवारले छुट्टै बैंक खाता सञ्चालनमा ल्याएका छन् ।

एक निर्वाचन क्षेत्र रहेको जिल्लामा चुनावि प्रतिस्पर्धामा रहेका सबै १२ उम्मेदवारहरूले चुनावी प्रयोजनका लागि बैंक खाता सञ्चालनमा ल्याएका मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। निर्वाचन आयोगले चुनावी खर्चलाई पारदर्शी र मितिब्ययी बनाउने उद्देश्यले गरेको निर्णय यहाँका सबै उम्मेदवारहरूले कार्यान्वयन गरेका मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले जानकारी दिनुभयो । उम्मेदवारको खर्च, आम्दानी मुख्य निर्वाचन अधिकृतको कार्यालयको सिफारिसमा खोलिएको खाताबाट गर्नुपर्ने र त्यसको अनुगमन कोष तथा लेखा नियन्त्रणको कार्यालयले गर्ने उहाँले बताउनुभयो । जिल्लाका उम्मेदवारले बढीमा रु. ३१ लाख सम्म खर्च गर्न सक्ने सीमा तोकिएको छ । निर्वाचनमा आर्थिक मितव्ययीता गर्नका लागि उम्मेदवारले गर्ने खर्चको समेत छुट्टै अनुगमन गर्ने संयन्त्र बनाइएको कोष तथा लेखा नियन्त्रकको कार्यालयका प्रमुख रामप्रसाद शर्माले बताउनुभयो । कार्यालयका प्रमुख शर्माको संयोजकत्वमा खर्च आचारसंहिता अनुगमन समेत भइरहेको छ। भड्किलो खर्च रोक्नका लागि आयोगले पहिलो पटक छुट्टै खाता खोल्ने व्यवस्था मिलाएको छ । म्याग्दीमा निर्वाचन आचार संहिता सम्बन्धी पाँच वटा लिखित र चार वटा मौखिक उजुरी परेका छन् । उजुरीको विषयमा सम्बन्धीत उम्मेदवारलाई सचेत बनाईएको आचार संहिता अनुगमन समितिका सदस्य सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले जानकारी दिनुभयो ।

जिल्लामा प्रतिनिधिसभा निर्वाचनका लागि ८२ मतदान स्थल, एक सय २० वटा मतदान केन्द्र ८६ हजार तीन सय ९७ मतदाता कायम भएका छन् । जिल्ला कारागार शाखा र कर्मचारी मिलन केन्द्रमा दुई वटा अस्थायी मतदान केन्द्र कायम भएको जिल्ला निर्वाचन अधिकारी बिमल गौतमले जानकारी दिनुभयो । निर्वाचनमा खटिने कर्मचारीहरू छनौट गरेर शुक्रबारदेखि नियुक्तिपत्र वितरण थाललिएको छ । निर्वाचन सम्पन्न गराउनका लागि खटिने सुरक्षाकर्मी र अनुगमनकर्ता बाहेक मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारी र स्वयंसेवक गरी जिल्लामा एक हजार ७४ जना कर्मचारी परिचालन हुने जनाईएको छ । निर्वाचनलाई शान्त, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गराउनका लागि मतदान केन्द्रहरूको अनुगमन गरी निर्वाचन लक्षित एकिकृत जिल्ला सुरक्षा रणनीति तयार गरी सुरक्षा व्यवस्थापनको काम गरिएको प्रमुख जिल्ला अधिकारी रबीन्द्र आचार्यले जानकारी दिनुभयो । उहाँले मनोनयन दर्तादेखि निर्वाचन प्रचार प्रसार, मौन अवधि, मतदान, मतगणना र निर्वाचित उम्मेदवारको बिजयी उत्सव सम्मका कार्यक्रमलाई लक्षित गरी जिल्लामा रहेका सुरक्षा निकायहरूबिच आवश्यक समन्वय र सहकार्यमा जिल्लामा मजबुत सुरक्षा व्यवस्था मिलाईएको जानकारी दिनुभयो । निर्वाचनका लागि जिल्लामा आवश्यक पर्ने मतपत्र लगायतका निर्वाचन समाग्री आइपुगेको र सबै सामाग्रीलाई मतदान केन्द्रका रूपमा छुट्टाछुट्टै तवरले व्यवस्थापन गरिएको जिल्ला निर्वाचन अधिकारी गौतमले जानकारी दिनुभयो ।

# प्रसारण लाइन निर्माणका लागि रुखपोल हटाउन अनुमति

**पोखरापत्र संवाददाता**
दमौली, १६ फागुन

तनहुँ जलविद्युत आयोजना अन्तर्गत प्रसारण लाइन निर्माणका लागि नौ हजार १२७ रुखपोल हटाइने भएको छ । आयोजनाको प्याकेज तीन अन्तर्गत प्रसारण लाइन निर्माणका लागि तनहुँ र चितवनमा पर्ने ९२.७ हेक्टर वन क्षेत्रको जग्गा भोगाधिकार पाउनुका साथै त्यहाँ रहेका नौ हजार १२७ रुखपोल हटाउन अनुमति पाएको हो ।

मन्त्रिपरिषद्को निर्णय बमोजिम आयोजनाको दमौली भरतपुर २२० केभी प्रसारण लाइनको टावर निर्माण र मार्गाधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटविरुवा हटाउन तनहुँ हाइड्रोपावर लिमिटेड र वन तथा भूसंरक्षण विभागबीच हालै सम्झौता भएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उक्त सम्झौता कार्यान्वयनका लागि डिभिजन वन कार्यालय चितवनमा पत्राचार गरिसकिएको भण्डारीले बताउनुभयो । उक्त निर्णय नहुँदा प्रसारण लाइन निर्माणमा समस्या भइरहेको थियो । यस प्याकेजको निर्माण व्यवसायी केइसी इन्टरनेशनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७८ वटा टावरहरूको जग हाल्ने र ६९ वटा टावर जडान कार्य सम्पन्न गरिसकेको छ। यस प्याकेजको समग्र प्रगति ७५ प्रतिशत रहेको भण्डारीले बताउनुभयो । तनहुँ जलविद्युत आयोजनाको तीन वटा प्याकेजमा काम भइरहेको छ ।

प्याकेज १ अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५४ प्रतिशत प्रगति भएको भण्डारीले बताउनुभयो । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङलगायतका संरचनाको निर्माणकार्य सकिएको छ । मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो ।

विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माणकार्य सकिएको जनाइएको छ। प्याकेज २ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचना निर्माणका लागि खन्नेकार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माणकार्य सम्पन्न भएको भण्डारीले बताउनुभयो । विद्युत् गृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायतका संरचनाको मुख्य कङ्क्रिटिङकार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७३ प्रतिशत रहेको छ । भण्डारीका अनुसार विद्युत्गृहको सिभिलकार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकलकार्य जारी छ । विद्युत्गृहमा छाना लगाउने, पानी फाल्नेलगायतका काम भइरहेका छन् ।

# पोखरा शेर्पा समाजद्वारा ग्याल्पो ल्होसार मनाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन



शेर्पा समुदायको महान पर्व २१५३औं मे फा ता लो ग्याल्पो ल्होसारको अवसरमा पोखरा शेर्पा समाज कास्कीले शुभकामना आदान-प्रदान तथा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेको छ ।

बुलौदीस्थित हिमचुली पार्टी प्यालेसमा आयोजित कार्यक्रममा समुदायका अग्रज, बुद्धिजीवी, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा स्थानीयको सहभागिता रहेको थियो । समाजका अध्यक्ष राजेश शेर्पाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा लोपेन गोम्पु शेर्पा प्रमुख अतिथिका रूपमा उपस्थित। प्रमुख अतिथि शेर्पाले ग्याल्पो ल्होसारले शेर्पा समुदायको ऐतिहासिक पहिचान, धार्मिक आस्था र सांस्कृतिक मौलिकतालाई जोगाइराख्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। उहाँले भाषा, भेषभूषा, परम्परा र संस्कारको संरक्षण गर्न नयाँ पुस्तालाई सचेत र सक्रिय बनाउन आवश्यक रहेकोमा जोड दिनुभयो । विशेष अतिथिका रूपमा पूर्वाञ्चल सेवा समाजका अध्यक्ष बालकुमार लुईटेलले ल्होसार पर्वले आपसी सद्भाव, सहिष्णुता र एकताको सन्देश फैलाउने उल्लेख गर्नुभयो। उहाँले यस्ता सांस्कृतिक कार्यक्रमले सामाजिक सम्बन्धलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा शेर्पा समुदायको मौलिक स्याब्रु नृत्य प्रस्तुत गरिएको थियो, जसले उपस्थित दर्शकलाई विशेष आकर्षित गरेको थियो। पारम्परिक पोशाकमा सजिएका कलाकार हरूले प्रस्तुत गरेको थियो। साथै, समुदायभित्र शिक्षा क्षेत्रमा उत्कृष्ट उपलब्धि हासिल गरेका युवालाई प्रोत्साहन गर्ने उद्देश्यले त्रिभुवन विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेका लाक्पा शेर्पालाई सम्मान गरिएको थियो।

कार्यक्रमका क्रममा विभिन्न वक्ताहरूले ग्याल्पो ल्होसारको ऐतिहासिक पृष्ठभूमि, यसको धार्मिक तथा सांस्कृतिक महत्वबारे चर्चा गर्दै समुदायबीच एकता, सहकार्य र आपसी सहयोगको भावना विकास गर्नुपर्नेमा जोड दिएका थिए। सहभागीहरूले एकअर्कालाई शुभकामना आदान-प्रदान गर्दै पर्वको उल्लास साझा गरेका थिए । कार्यक्रमको सञ्चालन दावा छिरिङ शेर्पाले गरेका थिए। पोखरा शेर्पा समाजले आगामी दिनमा पनि समुदायको भाषा, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनका लागि यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# सगरमाथा निकेतन स्कुलको १९ औँ वार्षिक पुरस्कार वितरण समारोह

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन



सगरमाथा निकेतन स्कुल, पोखरा ४ कास्कीको १९ औँ वार्षिक पुरस्कार वितरण समारोह सम्पन्न भएको छ । सो अवसरमा वर्ष भरि शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरूलाई ट्रफी, मेडल, प्रमाणपत्र तथा विभिन्न अन्य आकर्षक पुरस्कारहरूले पुरस्कृत गरियो ।

विद्यालयले वर्षभरि आयोजना गरेको विभिन्न खेलकुद प्रतियोगिताहरूबाट निलो सदन च्याम्पियन बन्न सफल भयो । प्रथम स्थान हासिल गरेको निलो सदनलाई विद्यालयका प्राचार्य दिलिप शर्मा भट्टराई, कार्यक्रमका प्रमुख अतिथि पोखरा विश्वविद्यालयका उप-कुलपती कृष्णराज अधिकारी, शिक्षक, अभिभावक लगायतले सदनका क्याप्टेन प्रवेश थापा र सृष्टि खड्कालाई च्याम्पियन्स ट्रफी प्रदान गरे । अन्य विद्याका उत्कृष्ट विद्यार्थीहरुलाई मेडल पुरस्कार प्रदान गरियो । त्यसैगरी सत प्रतिशत हाजिर जनाउँदै सर्वोत्कृष्ट शिक्षक बन्न सफल लक्ष्मी गुरुङ र कक्षा ७ का विद्यार्थी दिपेन्द्र बिष्टलाई सम्मान एवं पुरस्कृत गरियो । विद्यालयका कर्मचारी अर्जुन थापा, इन्द्रकुमारी आले र माया मगरले दीर्घसेवा सम्मान प्राप्त गरे । उनीहरूलाई दोसल्ला ओडाई मायाको चिनो तथा नगदले सम्मान गरिएको थियो । दुईवटा सत्रमा सञ्चालन गरिएको कार्यक्रममध्ये पहिलो सत्र शिक्षिका प्रतीक्षा थापाले तथा दोस्रो सत्र शिक्षक गोविन्द पौडेल एवं विद्यार्थीद्वय जेनिसा बाँस्तोला र इसान बराललले सञ्चालन गरेका थिए । कार्यक्रममा बोल्दै विद्यालयका प्रचार्य दिलिप सर्मा भट्टराईले विद्यालयले विद्यार्थीहरुको अन्तर्निहित प्रतिभाको पहिचान गर्दै दर्जनौ अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्दै आएको बताउनुभयो । विद्यालयले समय सापेक्ष व्यवहारिक शिक्षा प्रदान गर्दै आएको हुँदा सगरमाथा स्कूल अविभावकको रोजाइमा परेको उहाँको भनाई थियो । सो अवसरमा विद्यार्थीहरुले विभिन्न मनोरन्जनात्मक साँस्कृतीक कार्यक्रम, नृत्य, गित लगायत प्रस्तुत गरे । समारोहमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद त्रिपाठी, अभिभावक इन्द्रबहादुर ढकाल लगायतले शुभकामना मन्तव्य तथा शिक्षिका हित्ता गुरुङले स्वागत मन्तव्य राखेका थिए ।

# रुपामा एमालेको घरदैलो, कास्की-१ मा केही काम भएन भन्न मिल्दैन : बैनबहादुर

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन



कास्की क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेद्वार नेकपा एमालेका बैनबहादुर अधिकारी क्षेत्रीले रुपा गाउँपालिकाका मतदातासँग भेटघाट गरेका छन् । अधिकारीले शुक्रबार र शनिबार रुपा गाउँपालिकाका मतदातासँग भेटघाट गरेका हुन् ।

एमालेको राम्रो पकड क्षेत्र मानिने रुपामा बैनबहादुर पुग्दा स्थानीयको बाक्लो उपस्थिति थियो । उनले पूर्वाधार निर्माणतर्फ रुपा गाउँपालिकामा २०७४ सालअगाडि र अहिलेको अवस्थामा आकाश-जमिनको फरक रहेको दाबी गरे । कामको हिसाबले कास्की-१ मा एमालेबाट निर्वाचित जनप्रतिनिधिको भूमिकामा प्रश्न उठाउने ठाउँ नरहेको उनको भनाइ थियो । 'रुपामा कति पक्की सडक थियो ? हाम्रो पूर्वाधारको अवस्था के थियो ? एकपटक सम्झौं त । अहिले हाम्रो ठाउँको अवस्था के छ ?' उनले थपे, 'रुपामा एमालेले धेरै काम गरेको छ । कास्की-१ मा एमालेले काम गरेन भनेर प्रश्न उठाउने ठाउँ छैन ।' उनले केही काम गर्न बाँकी हुनसक्ने र त्यसलाई आफू निर्वाचित भएपछि पूरा गर्ने प्रतिबद्धता जनाए ।

रुपाले काम गर्ने जनप्रतिनिधि पाएको, अध्यक्ष नवराज ओझा र उपाध्यक्ष लालसुब्बा गुरुङलाई हेरेर एमालेलाई मत दिन उनले आग्रह गरे । 'यहाँ एमालेकै जनप्रतिनिधि हुनुहुन्छ । यो क्षेत्र प्रदेशमा पनि एमालेले जितेको छ । मैले जितेपछि उहाँहरुसँग सल्लाह गरेरै काम गर्ने हो,' उनले थपे, 'तलदेखि माथिसम्म सबै एउटै पार्टीबाट निर्वाचत भएको भएपछि हामीले झनै काम गर्न सक्छौं ।' रुपाका गाउँगाउँ पुग्ने भित्रि सडक पूर्णता दिन आफू खटिने उनले सुनाए । तटबन्धन, सामुदायिक भवन निर्माणमा पनि आफ्नो पहल रहने उनको भनाइ थियो । अधिकारीले आफू तलबभत्ता खानमात्र नभई जनताको आवाज संसद्सम्म पुऱ्याउन जाने बताए । 'भत्ता खानका लागि मात्र बैनबहादुर संसद्मा जाँदैन । त्यहाँ जनताका आवाज राख्न जाने हो । जनतालाई सहज हुने कानुन निर्माण गर्न जाने हो,' उनले भने । उम्मेद्वार अधिकारी आइतबार आफ्नै जन्मथलो पोखरा-२८ का मतदातासँग भेटघाट गर्न जाने तालिका छ ।

# चौथो हिसान फुटसल प्रतियोगिताको सेमीफाइनल समिकरण पूरा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन



चौथो हिसान गण्डकी फुटसल प्रतियोगिता २०८२ अन्तर्गत सेमीफाइनल चरणको समिकरण पूरा भएको छ।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) गण्डकीको आयोजना तथा सविन मेमोरियल क्लबको व्यवस्थापनमा पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा सञ्चालन भइरहेको प्रतियोगिताको दोस्रो दिनका खेल सम्पन्न भएसँगै अन्तिम चार टोलीको टुंगो लागेको हो। सविन मेमोरियल क्लबका अध्यक्ष सञ्जय लिगलका अनुसार प्लस-२ तर्फ बाराही आवासीय माध्यमिक विद्यालय, चिल्ड्रेन लाइफ बोर्डिङ स्कूल, स्टेप बाई स्टेप सेकेन्डरी स्कूल तथा डायमण्ड सेकेन्डरी स्कूल सेमीफाइनलमा प्रवेश गरेका छन्।

त्यसैगरी कलेजतर्फ इन्फरमेटिक्स कलेज, लेकसिटी कलेज, इन्फोम्याक्स र पिसिएम कलेज अन्तिम चारमा स्थान बनाउन सफल रहे। क्वार्टरफाइनल अन्तर्गत बाराहीआवासीयमाविलेन्यूओएसिस एकेडेमीलाई ५-० गोलअन्तरले पराजित गर्दै सेमीफाइनल यात्रा तय गऱ्यो। चिल्ड्रेन लाइफ बोर्डिङ स्कूलले प्रतिभा सेकेन्डरी स्कूलमाथि ६-० को सहज जित निकाल्यो। स्टेप बाई स्टेपले फिस्टेल एकेडेमीलाई ८-३ गोलले हरायो भने डायमण्ड सेकेन्डरी स्कूलले बाल कल्याण माविलाई पेनाल्टी सुटआउटमा ५-४ ले पराजित गर्दै अन्तिम चारमा स्थान सुरक्षित गऱ्यो। निर्धारित समयमा खेल १-१ गोलको बराबरीमा सकिएको थियो। त्यस्तै, आइतबार बिहान पहिलो सेमीफाइनल खेलमा चिल्ड्रेन लाइफले बाराही माविको सामना गर्ने छ भने दोस्रो खेलमा स्टेप वाइ स्टेप र डायमण्ड मावि सेमीफाइनलमा आमने-सामने हुनेछन्। त्यस्तै सेमीफाइनलका बिजेता टोली आइतबार नै दिउसो २ बजे हुने उपाधिका लागि भिडने छन्।

कलेज समूहमा इन्फरमेटिक्स कलेजले पोखरा लिंकन कलेजलाई २-१ ले पराजित गऱ्यो। लेकसिटी कलेजले गेन्स कलेजलाई १-० गोलले हरायो भने पिसिएम कलेजले सोच कलेज अफ आईटीलाई समान १-० ले स्तब्ध पाऱ्यो। अर्को खेलमा इन्फोम्याक्सले पोखरा इन्जिनियरिङ कलेजलाई ६-३ गोलले हराउँदै सेमीफाइनल यात्रा तय गऱ्यो। आइतबार बिहान हुने सेमीफाइनलमा इन्फरमेटिक्सले पिसिएम सँग तथा लेकसिटीले इन्फोम्याक्स विरुद्ध सेमीफाइनलमा भेट पक्का गरेका छन्। विश्वविद्यालयतर्फ फाइनल खेल दिउसो १ बजे हुने छ। प्रतियोगितामा प्लस-२ तर्फ विभिन्न जिल्लाबाट छनोट भएका १६ टोली तथा (विश्वविद्यालय)कलेजतर्फ ८ टोली गरी कुल २४ टोलीको सहभागिता रहेको थियो। हिसान गण्डकीका अध्यक्ष डा.रामजी शर्माका अनुसार प्लस-२ समूहमा कास्कीबाट ८ टोली, बागलुङबाट ३ टोली, तनहुँबाट ३ टोली तथा पर्वत र म्याग्दीबाट समान १-१ टोली सहभागी रहेका थिए। प्रतियोगिताको प्लस-२ तर्फ विजेता टोलीले नगद १ लाख रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद ५० हजार रुपैयाँ, मेडल तथा प्रमाणपत्र पाउनेछन्। साथै उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता तथा उत्कृष्ट गोलरक्षकलाई समेत विशेष पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। यस्तै विश्वविद्यालय तथा कलेजतर्फ विजेताले नगद २५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद १० हजार रुपैयाँ, मेडल तथा प्रमाणपत्र हात पार्नेछन्। अघिल्लो संस्करणमा प्लस-२ तर्फ गुरुकुल विद्या सदन तथा कलेजतर्फ इन्फरमेटिक्स कलेजले उपाधि जितेका थिए।

# 'सबको साथ सबको विकास' 'सँगसँगै विकास र जीवनसँग जोडिएको विकास'अवधारणाले गर्नेछ-उम्मेदवार रश्मि आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन



कास्की २ बाट नेपाल कम्युनिस्ट पार्टी (एमाले) का प्रतिनिधि सभा उम्मेदवार रश्मि आचार्यले 'सबको साथ, सबको विकास' र 'सँगसँगै विकास, जीवनसँग जोडिएको विकास'को अवधारणाले अहिलेको समयको व्यवस्थित विकासको अगुवाई गर्ने बताएका छन्। उनले समावेशी, व्यवहारिक र जनजीवनसँग प्रत्यक्ष जोडिएको विकासमार्फत मात्रै देशले सही निकास पाउने धारणा राखे।

'दिगो विकास र सन्तुलित विकास', जनसाथ र सहभागीमा मात्रै सम्भव हुने उल्लेख गर्दै उम्मेदवार आचार्यले दिगो विकासका लक्ष्य प्राप्त गर्न स्थानीय स्रोत साधनको उच्चतम परिचालनका निम्ति आफुले सो अवधारणा अघि सारेको उल्लेख गरे। आम श्रमजिवीहरूको हितमा सो अवधारणा उपयोगी हुने उनको तर्क छ। आसन्न प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै आयोजित मतदाता भेटघाट कार्यक्रममा पोखरा-१७ का मतदातासँग साक्षात्कार गर्दै उनले यस्तो बताएका हुन्। उनले आफू निर्वाचित भईसकेपछि देशमा व्याप्त बेथिति र भ्रष्टाचार अन्त्य गर्दै सुशासन कायम गर्ने आफ्नो पहिलो प्राथमिकता रहने स्पष्ट पारे। सरकारी कार्यालयमा हुने ढिलासुस्ती अन्त्य गरी नागरिकलाई सहज, छिटो र पारदर्शी सेवा उपलब्ध गराउन आवाज उठाउने उनको प्रतिबद्धता छ। त्यसैगरी, वडा, प्रदेश र केन्द्र तहबीच प्रभावकारी समन्वय गरी विकास योजनालाई अघि बढाउने, केन्द्रबाट आउने बजेटलाई क्षेत्रको आवश्यकताअनुसार परिचालन गर्न सक्रिय भूमिका खेल्ने र समग्र विकास अभियानलाई परिणाममुखी बनाउने आचार्यको प्रष्टोक्ति छ। कार्यक्रममा एमालेका अग्रज नेता सोमनाथ अधिकारी प्यासी, एमाले केन्द्रिय सदस्य प्रभा कोइराला, गण्डकी प्रदेश सभा सदस्य भीम कार्की, पूर्व प्रदेश कमिटी सदस्य केशव प्रसाद आचार्य, क्षेत्र नं. २ का सचिव झपट रानाभाट, राधिका शाही, जिल्ला कमिटी सदस्य सुवास ढुंगाना, युवा नेता शिवराज आचार्य, अग्रज नेता झपिन्द्र रेग्मी, सो वडाका अध्यक्ष विक्रम गुरुङ लगायत स्थानीय नेता तथा कार्यकर्ताको बाक्लो उपस्थिति रहेको थियो।


## तपसिल बमोजिमका ऋणी सदस्य तथा धितो जमानीकर्ताहरुलाई धितो लिलाम सम्बन्धी ३५ (पैंतिस) दिने सार्वजनिक सूचना

**प्रकाशित: २०८२/११/१७**

यस निबृत्त राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखितऋणीहरुले बिभिन्न शिर्षक अन्तर्गतको ऋण (कर्जा) लिनु भएकोमा ऋण लिँदाको बखत संस्था सँग गरेको सर्त सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज लगायतका रकमहरु नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी सर्तहरु उल्लङ्घन गरेकोले संस्थासँग लिएको सम्पूर्ण ऋण रकमको साँवा, ब्याज तथा हर्जाना चुक्ता गर्न पटक पटक मौखिक एवम् लिखित रुपमा ताकेता गर्दा समेत वेवास्ता गरी नतिरी नबुझाई कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई बसेको हुनाले कर्जा चुक्ता गर्न आउनु भनी राष्ट्रिय दैनिक पोखरापत्र अखवारमा मिति २०८२/०२/०१ गते ३५ दिने सर्वजनिक सूचना प्रकाशित गरि सो को सूचना पत्र तथा मोवाईल फोनबाट सूचित गर्दा पनि स्व. सुकुमारी श्रेष्ठका हकदार छोरा तथा व्यक्तिगत धनजमानी दिने तपाईं ऋणीहरुले संस्थालाई तिर्नु पर्ने साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई, वेवास्ता गरी बसेकोले तपाईंहरुले कर्जा प्राप्त गर्न संस्थालाई धितो संरक्षणमा दिएको तपसिलमा उल्लेखित कित्ता नम्वरको घर तथा जग्गा तपाईंहरुबाट संस्थाले असुल उपर गर्नु पर्ने सम्पूर्ण बाँकी बक्यौता असुल उपर गर्न सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० तथा संस्थाको कर्जा लगानी तथा असुली कार्यविधि तथा प्रचलित नियम बमोजिम धितो लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने भएकोले धितो बिक्रीको ३५ (पैतिस) दिने सूचना मिति २०८२/०६/३० गतेको राष्ट्रिय दैनिक पोखरा पत्रमा प्रकाशित गरिएकोमा सुकुमारी श्रेष्ठले ऋण लिँदा धन जमानी बसेका सम्पतिका हकवाला छोराहरु राम कृष्ण श्रेष्ठ र श्याम कृष्ण श्रेष्ठले संस्थाका जिम्मेवार व्यक्तिहरुलाई फोन सम्पर्क गरी ऋणको साँवा र व्याज वापतको रकम नियमित किस्ता बन्दीमा तिर्ने प्रतिबद्धता गरी तत्कालका लागि लिलामको कार्य स्थगन गरिदिन अनुरोध गर्नु भएकोले मिति २०८२/०७/२३ गते संचालक समितिको मिटिङबाट लिलाम कार्य स्थगन गर्ने निर्णय गरि लिलामको कार्य स्थगन गरिएकोमा तत्पश्चात ब्याज बापतको केही रकम बुझाएतापनि प्रतिबद्धता गरे बमोजिम नियमित नबुझाएकोले पटक पटक सम्पर्क गरि स्मरण गराउँदा पनि ब्याज तथा साँवा बुझाउन आलटाल गरेकाले यस संस्थामा मिति २०८२/११/०८ गते बसेको संचालक समितिको बैठकले स्थगित घर जग्गा लिलामको कार्य पुनः सुरु गर्ने निर्णय गरेकोले धितो संरक्षणमा रहेको तपसिलमा उल्लेखित कित्त नं. का घर जग्गा लिलाम बिक्रीको लागि यो पैंतिस (३५) दिने सूचना पुनः राष्ट्रिय दैनिक अखवारमा प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३६ (छत्तिसौं) दिनसम्मको साँवा रु १५,००,०००।- व्याज रु ७४१२०४।- तथा बक्यौता हर्जना रु ८९६४८।-, सूचना प्रकाशन खर्च रु २६,२००।- र अन्य खर्च रु २५०००।- समेत गरी जम्मा रकम रु २३८२०५२।- असुल हुनेगरी मिति २०८२/१२/२२ गते ११:०० बजे बाट १६:०० बजे सम्ममा लिलाम बढाबढ गरिने भएकोले उक्त जग्गा लिन ईच्छुक सम्पूर्ण व्यक्तिहरु पुतलिबजार नगरपालिका वडा नं १ हुलाक मार्गमा रहेको संस्थाको कार्यालयमा उपस्थित भई लिलाम बढाबढमा सहभागी हुन आउनु हुन यो सूचना प्रकाशित गरिएको छ। यदि कुनै कारणबश सूचनामा तोकिएको दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट लिलाम बिक्रीको कार्य अगाडि बढाईनेछ। लिलाम प्रक्रिया तथा जग्गा जमिनबारे जानकारी चाहिएमा कार्यालय समयमा संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ। लिलाम बिक्रीको कार्यमा सम्बन्धित ऋणी तथा निजका प्रतिनिधिहरु उपस्थित हुन चाहेमा लिलाम हुने मिति, स्थान र समयमा उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तपसिलः-

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | धितो सुरक्षण विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| **नामः स्व. कुमारी श्रेष्ठ**<br>ससुराको नामः हर्ष मान श्रेष्ठ<br>पतिको नामः तेज नारायण श्रेष्ठ<br>स्थायी ठेगानाः स्याङजा पुतलीबजार<br>गा.वि.स. वडा नं. ९<br>नागरिकता नं. २१०९<br>जारी मितिः २०४२-२-१७<br>प्रतिलिपिः २०७१-२-८ |  | पुतलीबजार न. पा. ३ को कित्ता नं. ६१४<br>(०-२-२-३) २२४<br>(०-२-१-२) २०६<br>(०-०-३-३) र १०७३<br>(०-८-३-३) को जग्गा<br>**कर्जा शिर्षकः व्यापार** | **नामः राम कृष्ण श्रेष्ठ**<br>बाबुः तेज नारायण श्रेष्ठ<br>बाजेः हर्ष मान श्रेष्ठ<br>स्थायी ठेगानाः स्याङ्जा पुतलीबजार<br>गा.वि.स. वडा नं. ९<br>नागरिकता नं. १०९७५<br>जारी मितिः २०४७-५-२०<br>**नामः श्याम कृष्ण श्रेष्ठ**<br>बाबुः तेज नारायण श्रेष्ठ<br>बाजेः हर्ष मान श्रेष्ठ<br>स्थायी ठेगानाः स्याङजा पुतलीबजार गा.वि.स. वडा नं. ९<br>नागरिकता नं. ४८२६८<br>जारी मितिः २०५५-८-१६ (प्रतिलिपि) | <br> |

**सर्त बन्देज**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी कबोल गर्ने व्यक्तिले आफुले बोलेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम नगदै धरौटी वापत तत्कालै यस सहकारी संस्थामा बुझाउनुपर्नेछ। (जसको व्याज प्राप्त हुने छैंन)
२. डाँक बढाबढ गर्दा सबैभन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
३. लिलाम सकार्ने व्यक्तिले संस्थाबाट लिलाम स्विकृतको सूचना पाएको मितिले ७ (सात) दिनभित्र बाँकी रकम संस्थामा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
४. लिलाम तोकिएको दिन बिदा परेमा सो को लगतै पछि संस्था खुलेको दिन लिलाम बढाबढ हुनेछ।
५. लिलाम सकारगरेको सम्पतिको स्वामित्व हस्तान्तरण तथा दा.खा. नामसारी गर्दा लाग्ने सम्पूर्ण खर्च तथा लाग्ने शुल्क तथा अन्य दस्तुर उक्त लिलाम सकार गरी लिनेलेनै व्यहोर्नु पर्नेछ।
६. सम्बन्धित ऋणीले लिलाम प्रकृया अगावै सम्पूर्ण कर्जाको रकम (साँवा, व्याज, हर्जाना तथा अन्य दस्तुर) तिर्न बुझाउन ल्याएमा लिलाम प्रकृया स्थगित गरिनेछ।
७. लिलाम प्रकृयामा धितो सम्पत्ति कसैले सकार नगरेमा प्रचलित कानुनको अधिनमा रही धितो सम्पत्ति यस संस्थाको नाममा सकार गरी लिन सक्नेछ।
८. धितो सम्पत्ति तथा लिलाम सम्बन्धि अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखी जानकारी प्राप्त गर्न सकिनेछ।
९. धितो लिलाम बिक्री सम्बन्धी धितो लेखि दिने मानिस, ऋणी तथा व्यक्तिगत जमानीदिने मानिसहरुलाई समेत यसै सूचनाद्वरा जानकारी गराईएको मानिनेछ।

**लिलाम हुने मितिः २०८२/१२/२२** **समयः ११:०० बजेदेखि १६:०० सम्म**

**लिलाम हुने स्थानः संस्थाको कार्यालय** **सम्पर्क फोन नंवरः ०६३-४२५२७३, ९८४९२५६७३६**

**निवृत्त राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पुतलीबजार नगरपालिका -१, स्याङ्जा**


# प्रतिभा माविमा साहित्य, कला र संगीतको मेला

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन



विद्यार्थीमा साहित्य, कला र संगीतको चेतना र पठनशैली विकास गराउने उद्देश्य सहित पालिखेचोकस्थित प्रतिभा माविमा शनिबार एकदिने साहित्य, कला र संगीत मेला आयोजना गरिएको छ।

मेलामा अग्रज साहित्यकार, गायक, कविका अनुभव र प्रस्तुतीसँगै साक्षात्कार पनि गरिएको थियो। कार्यक्रमको साहित्यकार मूर्धन्य साहित्यकार सरूभक्तले उद्घाटन गरे। विद्यार्थीसँग प्रश्नोत्तर साक्षात्कारमा सहभागी हुँदै सरूभक्तले पछिल्लो पुस्ता निकै भाग्यमानी रहेको बताए। 'हाम्रो समयमा आफ्नो कला र प्रतिभा उजागर गर्नका लागि यस्ता स्थान प्राप्त हुन्थेन। अहिले बालबालिकाहरूलाई सानै देखि आफ्नो कला र क्षमता प्रस्फुटनसँगै विकास गर्न यसरी विद्यालयले नै स्थान दिइरहेको छ। तपाईं साना बालबालिकाहरू भाग्यमानी हुनुहुन्छ।' सरुभक्तले आफ्नो बाल्यावस्था र विद्यार्थीको जीवनबारे बच्चाहरूसँग अनुभव पनि साझा गरे। उनले विद्यार्थीको सिकाई पाठ्यपुस्तकमा मात्र निर्भर रहन नहुने उल्लेख गरे। जीवन बुझ्न किताब मात्र पर्याप्त नहुने भन्दै उनले आफ्नो प्रतिभा जुन क्षेत्रमा छ, त्यसै क्षेत्रमार्फत् जीवन अघि बढ्ने बताए। साहित्यकार सूर्य खड्का बिखर्चीले बालबालिकालाई आफ्नो चित्रकला, गायन, नृत्य, कविता प्रस्तुत गर्ने स्थान दिएकोमा विद्यालयलाई आभार व्यक्त गरे। उनले विद्यालयले यस्तै अतिरिक्त क्रियाकलाप मार्फत् विद्यार्थीको सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउनुपर्ने बताए। कार्यक्रमको अध्यक्षतासमेत गरेका विद्यालय सञ्चालक समितिका अध्यक्ष नारायण पौडेलले विद्यार्थीका फरक कार्यक्रम पस्कने क्रममा साहित्य, संगीत र कलालाई समेटेर कार्यक्रम आयोजना गरेको बताए। 'विद्यार्थीको रुची फरक फरक हुन्छ। कतिपयले साहित्यलाई रुचाउँछन्, केहीले कला र कतिपयले संगीतलाई। त्यसबाहेक विद्यार्थीमा पठन शैली विकास गर्न पनि यस्ता कार्यक्रम सहयोगी बन्छन्' पौडेलले भने, 'फरक शैलीमा कार्यक्रम पस्कने क्रममा हामीले गतवर्षदेखि नै साहित्य, कला र संगीतलाई समेटेका छौं। यो क्रम जारी रहनेछ।'

विद्यालयका प्राचार्य किरण सापकोटाले पाठ्यपुस्तक बाहेक बाह्य ज्ञान दिलाउन यस्ता कार्यक्रम आवश्यक रहेको बताए। 'विद्यार्थीको सिर्जना, रचना र सिर्जनामार्फत पस्केको सपना देखाउने अवसर यो कार्यक्रमले जुटाएको छ,' प्राचार्य सापकोटाले भने, 'यसले विद्यार्थीमा रहेको अन्तरनिहीन क्षमतालाई बाहिर ल्याउनेछ भने अरु विद्यार्थीमा पनि कला र संस्कृतिको ज्ञान पस्कनेछ।' कार्यक्रममा साहित्यकार इन्द्र राना प्रतिकलाई नगद १० हजारसहित सम्मान पनि गरिएको थियो। उक्त कार्यक्रममा पुस्तक र चित्रकला प्रदर्शनी र चिनियाँ नृत्य लगायत सांगीतिक कार्यक्रम पनि आयोजना गरिएको थियो। उक्त अवसरमा पूर्व विद्यार्थी अस्मित भुसाल, विद्यार्थीहरु सुशान्त सिग्देल, करिना काफ्ले लगायतबाट कविता बाचन सहित सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो। विद्यार्थी आफैले कोरेका चित्र उक्त कार्यक्रममा प्रदर्शनीमा राखिएको थियो भने विद्यार्थीहरुले प्रत्यक्ष चित्रकला प्रस्तुत पनि गरेका थिए। कार्यक्रमको संचालन विद्यालयका सहप्राचार्य प्रदीप खनालले गरेका थिए।

# लायन्स क्लबहरूको रिजन सम्मेलन सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १६ फागुन



लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ आई नेपाल अन्तर्गतका विभिन्न क्लबहरूको संयुक्त रिजन सम्मेलन लेखनाथमा सम्पन्न भएको छ।

सम्मेलनमा लायन्स क्लब अफ लेखनाथ सिमसार, लेखनाथ मेट्रो सिटी, पोखरा स्मार्ट सिटी, लेखनाथ लोटस, लायन्स क्लब अफ लेखनाथ, सेभेन सिटी, लेखनाथ कालिका सिटी र लेखनाथ स्टार सहभागी थिए। कार्यक्रमकी प्रमुख अतिथि डिष्ट्रिक गर्भनर पार्वती खरेल पाण्डेले लायन्सले अघि सारेका सेवा कार्यक्रम स्थानीय तहसँग सहकार्य गर्दै महिला तथा युवा सशक्तिकरणमा केन्द्रित हुनुपर्नेमा जोड दिइन्। उनले सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिँदै समुदायमुखी गतिविधि विस्तार गर्न आग्रह गरिन्। पोखरा महानगरपालिका वडा नं. २७ का वडा अध्यक्ष पूर्णकुमार गुरुङले सहकार्य र एकता नै वर्तमान आवश्यकता भएको उल्लेख गर्दै क्लबहरूलाई रक्तदान, दैवी प्रकोप व्यवस्थापन, आगलागी नियन्त्रण र वृक्षारोपण जस्ता सामाजिक सेवामा सक्रिय हुन सुझाव दिए। सेकेन्ड भिडिजी शैलेन्द्र मोहन भट्टराईले समुदायसँग सहकार्य गर्दै सकारात्मक सोचका साथ सेवा विस्तार गर्नुपर्ने बताए। कार्यक्रममा जोन चेयर प्रशन राम बस्याल, लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली अधिकारी तथा लायन विष्णुप्रसाद लम्साललले कार्यक्रमको उद्देश्यबारे प्रकाश पारेका थिए। कार्यक्रमको सञ्चालन रिजन चेयर प्रशन कृष्णप्रसाद तिमिल्सेनाले गरेका थिए।